# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ४) धनगढी, नेपाल, चैत १२ गते, २०७७ साल (अतिरिक्ताङ्क ९(ठ)

## भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

### बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी सुदूरपश्चिम प्रदेश सरकारले देहायको आदेश जारी गरेको छ ।



१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस आदेशको नाम "बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति (गठन) आदेश, २०७७" रहेको छ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा,-

(क) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "कार्यकारी अधिकृत" भन्नाले दफा ८ बमोजिमको कार्यकारी अधिकृत सम्झनु पर्छ ।

(ग) "प्रदेश सरकार" भन्नाले सुदूरपश्चिम प्रदेश सरकार (मन्त्रिपरिषद्) सम्झनु पर्छ ।

(घ) "बडीकेदार क्षेत्र" भन्नाले डोटी जिल्लाभित्रका बडीकेदार गाउँपालिका, बोगटान फुडसिल गाउँपालिका र के. आई. सिंह गाउँपालिका भित्रको क्षेत्र सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय सम्झनु पर्छ ।

(च) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(छ) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शब्दले समितिको अध्यक्ष र सदस्य-सचिवलाई समेत जनाउँछ ।

३. **समितिको गठन:** (१) बडीकेदार क्षेत्रको प्राकृतिक, धार्मिक, साँस्कृतिक, जलाधार, वन, पर्वतीय, पर्यटकीय क्षेत्र तथा फाँटलाई संरक्षण, सम्बर्द्धन र विकास गरी यस क्षेत्रको पर्यटन प्रवर्द्धन गर्न बडीकेदार क्षेत्र पर्यटन विकास तथा व्यवस्थापन समिति नामको एक समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ:-

(क) बडीकेदार क्षेत्रभित्र स्थायी बसोबास भएको मन्त्रालयले मनोनीत गरेको व्यक्ति - अध्यक्ष

(ख) बडीकेदार क्षेत्रको संरक्षण, संवर्द्धन र विकासमा योगदान पुऱ्याउँदै आएका व्यक्तिहरु मध्येबाट कम्तीमा दुई जना महिला सहित मन्त्रालयले मनोनीत गरेको पाँच जना -सदस्य

(ग) प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको जिल्ला प्रशासन कार्यालयको अधिकृत प्रतिनिधि -सदस्य

(घ) प्रमुख, डिभिजन वन कार्यालय -सदस्य

(ङ) कार्यकारी अधिकृत - सदस्य-सचिव

(३) समितिले बडीकेदार क्षेत्रमा पर्ने निर्वाचन क्षेत्रबाट निर्वाचित प्रतिनिधि सभा सदस्य, राष्ट्रिय सभा सदस्य, प्रदेश सभा सदस्य, स्थानीय तहका निर्वाचित प्रतिनिधि तथा आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ वा कर्मचारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(४) उपदफा (२) बमोजिम अध्यक्ष तथा सदस्यको पदावधि बढीमा चार वर्षको हुनेछ ।





(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) को खण्ड (क) र (ख) बमोजिमका अध्यक्ष तथा सदस्यको कार्यसम्पादन सन्तोषजनक नभएमा मन्त्रालयले जुनसुकै बेला हटाउन सक्नेछ ।

तर त्यसरी हटाउनु अघि निजलाई सफाई पेश गर्ने उचित मौका दिनु पर्नेछ ।

४. **समितिको अध्यक्ष तथा सदस्यको योग्यता:** देहायको योग्यता पुगेको व्यक्ति अध्यक्ष तथा सदस्य पदमा मनोनीत हुन सक्नेछ:-

(क) एक्काइस वर्ष उमेर पूरा भएको नेपाली नागरिक,

(ख) बडीकेदार क्षेत्रभित्र स्थायी बसोबास भएको,

(ग) कुनै फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको,

(घ) बैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको,

(ङ) प्रचलित कानून बमोजिम अयोग्य नभएको।

५. **पद रिक्त हुने अवस्था:** (१) देहायको अवस्थामा समितिको अध्यक्ष तथा सदस्यको पद रिक्त हुनेछ:-

(क) निजले मन्त्रालय समक्ष पदबाट राजीनामा दिएमा,

(ख) निजको पदावधि पूरा भएमा,

(ग) दफा ३ को उपदफा (५) बमोजिम निजलाई पदबाट हटाएमा,

(घ) निजको मृत्यु भएमा ।

(२) उपदफा (१) बमोजिम अध्यक्ष तथा सदस्यको पद रिक्त भएमा रिक्त भएको पदको बाँकी अवधिको लागि अर्को अध्यक्ष तथा सदस्य मनोनीत गर्न सकिनेछ ।

६. **समितिको काम, कर्तव्य र अधिकारः** (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) बडीकेदार क्षेत्रको प्राकृतिक, धार्मिक, साँस्कृतिक, जलाधार, वन, पर्वतीय, पर्यटकीय क्षेत्र तथा फाँटलाई संरक्षण, संवर्द्धन र विकास गर्ने, गराउने,

(ख) प्राकृतिक सम्पदा तथा वातावरण संरक्षण गर्ने, गराउने,

(ग) बडीकेदार क्षेत्रको विभिन्न स्थानलाई महत्वका आधारमा धार्मिक क्षेत्र, साँस्कृतिक, जलाधार, वन, पर्वतीय क्षेत्र तथा फाँटलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्न योजना तयार गरी कार्यान्वयन गर्ने गराउने,

(घ) ताल तलैया, कुण्ड पोखरी, गुफा, वनजङ्गल र मैदान तथा पर्वतीय चट्टानी क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने,

(ङ) सरकारी तथा गैरसरकारीस्तरबाट सञ्चालन गरिने बडीकेदार क्षेत्रको प्राकृतिक, वातावरणीय, धार्मिक, साँस्कृतिक तथा जैविक विविधताको संरक्षण, संवर्द्धन र





विकासका लागि सञ्चालन गरिने विभिन्न कार्यक्रममा समन्वय गर्ने गराउने,

(च) पर्यटन व्यवसायी र स्थानीय तहसँगको सहकार्यमा तीर्थयात्री तथा पर्यटकको लागि बडीकेदार क्षेत्रभित्र विश्राम गृह, होटल, लज आदिको निर्माण लगायतको व्यवस्था गर्ने गराउने,

(छ) बडीकेदार क्षेत्रको महत्व दर्शाउन सम्मेलन, गोष्ठी तथा प्रदर्शनीको आयोजना गर्ने, गराउने,

(ज) बडीकेदार क्षेत्रको विकास योजना तथा कार्यक्रमको लागि प्रदेश सरकार मार्फत स्रोत साधन जुटाउन समन्वय गर्ने,

(झ) धार्मिक, आध्यात्मिक, खेलपर्यटन, पर्यापर्यटन तथा स्वास्थ्य पर्यटन प्रवर्द्धन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माण गर्ने गराउने,

(ञ) वन्यजन्तु, चराचुरुङ्गी, वन र मूल्यवान जडिबुटी आदिको संरक्षण गर्ने गराउने,

(ट) बडीकेदार क्षेत्रको पर्यटन प्रवर्द्धन गरी जनताको आयस्तर वृद्धि गर्ने गराउने ।

(२) समितिले उपदफा (१) बमोजिम प्राकृतिक संरक्षण सम्बन्धी कामकाज गर्दा वन तथा वातावरणसँग सम्बन्धित प्रचलित कानूनको परिधिभित्र रही गर्नु पर्नेछ ।

७. **समितिको बैठक सम्बन्धी कार्यविधिः** (१) समितिको बैठक वर्षमा कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति र समयमा दफा २० बमोजिमको कार्यालयमा बस्नेछ।

(३) समितिको सदस्य-सचिवले बैठक बस्ने सूचना र बैठकको कार्यसूची बैठक बस्नु भन्दा कम्तीमा तीन दिन अगाडि नै सदस्यहरुलाई दिनु पर्नेछ ।

तर कुनै विशेष परिस्थितिमा अध्यक्षको निर्देशनमा सदस्य-सचिवले सदस्यहरुलाई जानकारी दिई बैठक बस्न बाधा पर्ने छैन ।

(४) समितिको कुल सदस्य संख्याको कम्तीमा एकाउन्न प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूहरु मध्येबाट छानेको सदस्यले गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

८. **कार्यकारी अधिकृत:** (१) समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न एकजना कार्यकारी अधिकृत रहनेछ ।

(२) मान्यता प्राप्त शिक्षण संस्थाबाट कुनै विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको व्यक्तिलाई मन्त्रालयले कार्यकारी अधिकृतको पदमा नियुक्त गर्नेछ ।



खण्ड ४) अतिरिक्ताङ्क ९(ठ), प्रदेश राजपत्र भाग २ मिति २०७७।१२।१२

(३) कार्यकारी अधिकृतको पदावधि चार वर्षको हुनेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा मन्त्रालयले जुनसुकै बखत कार्यकारी अधिकृतको पदबाट हटाउन सक्नेछः-

(क) आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा,
(ख) समितिको हित विपरीत कुनै काम कारबाही गरेमा,
(ग) खराब आचरण देखाएमा,
(घ) कार्यक्षमताको अभाव देखिएमा ।

(५) उपदफा (४) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यकारी अधिकृतलाई पदबाट हटाउनु अघि निजलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ ।

(६) उपदफा (२) बमोजिम कार्यकारी अधिकृतको नियुक्ति नभएसम्म मन्त्रालयले मन्त्रालय वा मातहत कार्यालयमा कार्यरत कुनै कर्मचारीलाई कामकाज गर्न तोक्न सक्नेछ ।

९. **कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकारः** कार्यकारी अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) समितिको निर्णय कार्यान्वयन गर्ने गराउने,
(ख) समितिको अल्पकालीन, मध्यकालीन, दीर्घकालीन योजना तथा वार्षिक कार्यक्रम तथा बजेट बनाई स्वीकृतिको लागि समिति समक्ष पेश गर्ने,
(ग) सचिवालय प्रमुखको रुपमा काम गर्ने,

(घ) सचिवालयको काम कारबाहीलाई व्यवस्थित गर्ने, गराउने,

(ङ) सचिवालयको प्रशासनिक प्रमुखको हैसियतले काम गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने ।

१०. <u>कार्यकारी अधिकृतको सेवा सुविधा:</u> प्रदेश सरकारले कार्यकारी अधिकृतलाई प्रदेश सरकारको निजामती सेवाको अधिकृतस्तर छैटौं तहका कर्मचारीले पाए सरहको सेवा सुविधा उपलब्ध गराउनेछ ।

तर दफा ८ को उपदफा (६) बमोजिम कुनै कर्मचारीलाई कार्यकारी अधिकृतको कामकाज गर्न तोकिएमा निजले दोहोरो सेवा सुविधा पाउने छैन ।

११. <u>बजेट सम्बन्धी व्यवस्था:</u> बडीकेदार क्षेत्रको संरक्षण, सम्बर्द्धन र विकासको लागि मन्त्रालयको सिफारिसमा प्रदेश सरकारले बजेटको व्यवस्था गर्नेछ ।

१२. <u>जनशक्ति सम्बन्धी व्यवस्था:</u> (१) समितिले आवश्यकता र औचित्यताको आधारमा प्रदेश सरकारको सहमतिमा आवश्यक कर्मचारी राख्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम समितिको सचिवालयको लागि आवश्यक पर्ने कर्मचारी समितिले मन्त्रालयबाट स्वीकृत भएको संगठन तथा व्यवस्थापन सर्वेक्षण बमोजिम राख्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिमका कर्मचारीको तलबभत्ता लगायतका सेवा सुविधा समितिको आफ्नै आन्तरिक श्रोतबाट व्यहोरिनेछ ।





१३. <u>समितिको कोष:</u> (१) समितिको नाममा एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) कुनै व्यक्ति वा संस्थाबाट दान, दातव्य, चन्दा स्वरुप प्राप्त रकम,

(ग) विदेशी व्यक्ति, सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट सहयोग स्वरुप प्राप्त हुने रकम,

(घ) समितिले उपलब्ध गराएको सेवा बापत प्राप्त रकम,

(ङ) अन्य स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (२) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मार्फत नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

(४) समितिको कोषमा प्राप्त हुने रकम समितिले तोकेको कुनै "क" वर्गको बैंकमा खाता खोली जम्मा गरिनेछ।

(५) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिने छ ।

(६) समितिलाई जुन प्रयोजनको लागि रकम प्राप्त भएको हो सोही प्रयोजनको लागि खर्च गर्नु पर्नेछ।

(७) समितिको खाता सञ्चालन कार्यकारी अधिकृत र समितिको लेखा समूहको कर्मचारीको संयुक्त दस्तखतबाट हुनेछ ।

१४. **लेखा र लेखापरीक्षण:** (१) समितिको आय व्ययको लेखा प्रदेश सरकारले अपनाएको ढाँचा बमोजिम राख्नु पर्नेछ ।

(२) समितिको आन्तरिक लेखापरीक्षण प्रदेश लेखा नियन्त्रक कार्यालय र अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको कार्यालयबाट हुनेछ ।

(३) प्रदेश सरकार वा मन्त्रालयले समितिको आय व्ययको लेखा, नगदी तथा जिन्सीको विवरण वा अन्य कागजात जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१५. **उपसमिति वा कार्यदल गठन गर्न सक्ने:** (१) समितिले आफ्नो कार्य सुचारु रुपमा सम्पादन गर्नको लागि आवश्यकता अनुसार उपसमिति वा कार्यदल गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यदलको कार्यक्षेत्रगत शर्त तथा कार्याविधि त्यस्तो उपसमिति वा कार्यदल गठन गर्दाको बखत समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१६. **बैठक भत्ता:** समितिका अध्यक्ष तथा सदस्यले समितिको बैठकमा भाग लिए बापत प्रचलित कानून बमोजिम बैठक भत्ता लिन सक्नेछन् ।

१७. **निर्देशन दिन सक्ने:** प्रदेश सरकार वा मन्त्रालयले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।





१८. **प्रदेश सरकारसँग सम्पर्क:** समितिले आफ्नो काम कारबाहीको सिलसिलामा प्रदेश सरकारसँग सम्पर्क राख्नु पर्दा मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१९. **वार्षिक प्रतिवेदन पेश गर्नुपर्ने:** (१) समितिले प्रत्येक वर्ष सम्पादन गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको मितिले दुई महिनाभित्र मन्त्रालय मार्फत प्रदेश सरकार समक्ष पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदनमा अन्य कुराको अतिरिक्त समितिबाट आर्थिक वर्षमा भएका प्रमुख कार्य, वार्षिक नीति, योजना र कार्यक्रम कार्यान्वयनको स्थिति, उपलब्धि तथा लागत र वार्षिक खर्चको विवरण उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदन मन्त्रालय आफैले वा मन्त्रालयको निर्देशनमा समितिले सार्वजनिक गर्नेछ ।

२०. **समितिको कार्यालय:** (१) समितिको कार्यालय बडीकेदार क्षेत्रभित्र मन्त्रालयले तोकेको स्थानमा रहनेछ ।

(२) समितिको सम्पर्क कार्यालय मन्त्रालयले अन्य स्थानमा तोक्न सक्नेछ।

२१. **कार्य सञ्चालन विधि बनाउन सक्ने:** (१) यो आदेश कार्यान्वयन गर्न समितिले आवश्यक कार्य सञ्चालन विधि बनाई लागू गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाइएको कार्य सञ्चालन विधि मन्त्रालयबाट स्वीकृत भएपछि लागू हुनेछ ।

(३) उपदफा (१) बमोजिम कार्य सञ्चालन विधि बनाउँदा प्रदेश सरकारलाई थप आर्थिक दायित्व पर्ने विषयमा प्रदेश सरकार, आर्थिक मामिला तथा योजना मन्त्रालयको पूर्व स्वीकृति लिनु पर्नेछ ।

मन्त्रिपरिषद्बाट स्वीकृत मितिः-२०७७।१२।१२

आज्ञाले,
यज्ञनाथ दाहाल
प्रदेश सरकारका सचिव



मुद्रकः आन्तरिक मामिला तथा कानुन मन्त्रालय, धनगढी, कैलाली। मुल्यः रु. १०।-